# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ३२ | अंक ६/७ | नेपाल राष्ट्र बैंक समाचार | फागुन/चैत २०६४ | फेब्रुअरी–अप्रिल २००८


## मौद्रिक नीतिको मध्यावधि समीक्षा सार्वजनिक

# पोलिसी दरहरु यथावत कायम

आर्थिक वर्ष २०६४।६५ का लागि नेपाल राष्ट्र बैंकले घोषणा गरेको मौद्रिक नीतिको मध्यावधि समीक्षा हालै सार्वजनिक गरियो। समीक्षा अनुसार घोषित अधिकांश पोलिसी दरहरु यथावत कायम गरिएका छन्।

समीक्षामार्फत नेपाल राष्ट्र बैंकले अनिवार्य नगद अनुपात, बैंकदर र पुनरकर्जादर यथावत कायम गरेको छ। बैंकले अनिवार्य नगद अनुपात ५ प्रतिशत, बैंकदर ६.२५ प्रतिशत र रुग्ण उद्योग पुनरकर्जादर १.५ प्रतिशत तोकेको थियो। निर्यात पुनरकर्जादर र ग्रामीण विकास बैंकको पुनरकर्जादर भने क्रमशः २.५ प्रतिशत र ३.५ प्रतिशत तोकिएको थियो।

मुद्रास्फीतिदर भने प्रक्षेपित ५.५ प्रतिशतभन्दा बढी रहने समीक्षामा जनाइएको छ। पेट्रोलियम पदार्थ र खाद्यान्नको मूल्यवृद्धिले गर्दा मुद्रास्फीतिदर बढ्ने अनुमान बैंकले गरेको हो। विस्तृत मुद्राप्रदायको वाञ्छित वृद्धिदर पनि लक्षित १५.६ प्रतिशत भन्दा केही बढी हुने अनुमान बैंकले गरेको छ।

उता रु ८ अर्बको शोधनान्तर बचत कायम गर्ने लक्ष्य हासिल गर्न वैदेशिक सहायता आप्रवाह बढ्नु पर्ने समीक्षामा उल्लेख छ। आवश्यक तरलताको व्यवस्था भए पनि आर्थिक वर्ष २०६४।६५ का लागि लक्षित ५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुन नसक्ने देखिएको समीक्षामा उल्लेख छ। बैंकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा १७.१ प्रतिशतले बढ्ने अनुमान भने यथार्थ रहने समीक्षामार्फत बैंकले जनाएको छ।




बैंकद्वारा मौद्रिक नीतिमार्फत सार्वजनिक गरिएका कार्यहरु कार्यान्वयन भइरहेको समीक्षामा उल्लेख छ। यद्यपि उपलब्ध तथ्याङ्को विश्लेषणबाट समष्टिगत आर्थिक व्यवस्थापन कार्य थप जटिल हुँदै गएको बैंकले जनाएको छ। आर्थिक गतिविधिमा अपेक्षित प्रगति हुन नसकेको र मूल्यमा चापको स्थिति देखिएको समीक्षामा उल्लेख छ। विप्रेषण आप्रवाह उच्च रहे तापनि निर्यात निराशाजनक रहेकोले समग्र बाह्य क्षेत्र कमजोर अवस्थामा रहेको पनि समीक्षामा उल्लेख छ।

बजार व्याजदर न्यून रहेको र निक्षेपमा दिइने व्याजदर यथार्थमा ऋणात्मक रहेकोले वित्तीय साधनमा असन्तुलनको अवस्था सिर्जना हुन सक्ने सम्भावना रहेको बैंकले उल्लेख गरेको छ। अर्थतन्त्रको समग्र स्थिति र आर्थिक स्थायित्वलाई प्रतिकूल असर नपर्ने गरी मौद्रिक व्यवस्थापन कार्यलाई निरन्तरता दिइने कुरा पनि समीक्षामा बैंकले उल्लेख गरेको छ।

# विदेशी विनिमय सञ्चिति सुविधाजनक स्थितिमा

२०६४ माघ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६४ असार मसान्तको तुलनामा १.२ प्रतिशतले बढी रु. १६७ अर्ब ६ करोड पुगेको नेपाल राष्ट्र बैंकले जनाएको छ। अघिल्लो वर्ष सो अवधिमा यस्तो सञ्चिति ३.४ प्रतिशतले बढेको थियो।

अमेरिकी डलरमा भने २०६४ असारदेखि माघ मसान्तसम्ममा कुल सञ्चिति ३.६ प्रतिशतले बढी अमेरिकी डलर २ अर्ब ६४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा ९.० प्रतिशतले बढेको थियो।

आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १०.२ महिनाको वस्तु आयात र ८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको बैंकले जनाएको छ।

## बजेट घाटा बढ्यो

आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनामा सरकारी बजेट रू ६ अर्ब १८ करोडले घाटामा रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ। यो घाटा अघिल्लो महिनासम्मको बजेट घाटाभन्दा रु २ अर्ब ९२ करोड बढी छ। अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रू १ अर्ब ८२ करोडले बचतमा रहेको थियो। सरकारी खर्च वृद्धि उच्च रहेकोले समीक्षा अवधिमा सरकारी बजेट घाटामा रहेको बैंकले जनाएको छ।

बजेट घाटा पूर्ति गर्ने क्रममा नेपाल सरकारले आन्तरिक ऋण (अधिविकर्ष बाहेक) रू ९ अर्ब २० करोड परिचालन गरेको छ। नेपाल राष्ट्र बैङ्कमा सरकारको रू ५ अर्ब १७ करोड बराबरको नगद बचत रहेको छ। अघिल्लो वर्षको सञ्चित रकम रु ३ अर्ब १२ करोड समेत गरी सरकारको नगद सञ्चिति रु ८ अर्ब २९ करोड हुन आउँछ। समीक्षा अवधिमा परिचालन भएको आन्तरिक ऋण बजेटमा व्यवस्था भएको वार्षिक आन्तरिक ऋण सीमा रू २० अर्ब ५० करोडको ४४.९ प्रतिशत हुन आउँछ।

समीक्षा अवधिमा रु.३ अर्ब ८१ करोड आन्तरिक ऋणको भुक्तानी समेत भएकोले अधिविकर्ष सहित नेपाल सरकारको खुद आन्तरिक ऋण परिचालन ऋणात्मक रु २१ करोड २१ लाख रहेको छ। कुल बजेट घाटामध्ये रू २ अर्ब ४५ करोड वैदेशिक ऋणबाट पूर्ति गरिएको बैंकले जनाएको छ।

# होलसेल बैंकिङ्का लागि आवश्यक कानून निर्माण गर्नुपर्छ




कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले होलसेल बैंकिङ्गलाई स्पष्ट परिभाषित गरी आवश्यक ऐन, नियम र कानून निर्माणमा देश अघि बढ्नु पर्ने कुरा बताउनुभएको छ। उक्त कुरा उहाँले बैंकर्स प्रशिक्षण केन्द्र र साउती (SAWTEE) नेपालले संयुक्त रुपमा फागुन २७ गते काठमाडौंमा आयोजना गरेको कार्यशाला गोष्ठीमा व्यक्त गर्नुभएको हो।

सन् २०१० हाम्रो ढोकामै आइसकेको बताउँदै उहाँले उक्त वर्षदेखि होलसेल बैंकिङ्ग गर्ने विदेशी बैंक तथा वित्तीय संस्थाहरु नेपाल प्रवेश गर्ने भएकोले यस सम्बन्धी कानून तर्जुमा गर्न ढिलाई गर्न नहुने विचार व्यक्त गर्नुभयो।

विदेशी बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशसंगै नेपाली वित्तीय क्षेत्रमा प्रतिस्पर्धा बढ्न जाने भएकोले यसका लागि सक्षम बन्न नेपाली बैंक तथा वित्तीय संस्थाहरुले आवश्यक तयारी गर्नुपर्ने उहाँको सुझाव थियो।

Nepal's Commitment on Financial Sector Services in WTO : Status of Preparation of Underlying Issues विषयक उक्त गोष्ठीको उद्घाटन राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. पोषराज पाण्डेले गर्नुभएको थियो।

उक्त अवसरमा उहाँले विश्व व्यापार संगठनको सदस्य बनेको बेला नेपालले व्यक्त गरेका कतिपय प्रतिवद्धता पूरा गरेको र कतिपय प्रतिवद्धता पूरा गर्ने क्रममा रहेको बताउनुभयो। कतिपय प्रतिवद्धता पूरा गर्न ढिला भएको र हामीले लिनुपर्ने नीति स्पष्ट हुनुपर्ने विचार व्यक्त गर्दै उहाँले यसका लागि तयारी गर्नुपर्ने कुराहरुका विषयमा व्यापक छलफल र विचारविमर्श हुनुपर्ने बताउनुभयो।

सन् २०१० देखि नेपालमा वित्तीय सेवा प्रदान गर्न कम्तिमा बी रेटिङ्ग भएका विदेशी बैंक तथा वित्तीय संस्थाहरुले मात्र प्रवेश पाउने कुरा पनि उहाँले स्पष्ट पार्नुभयो।

माननीय सदस्य डा. पाण्डेले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गर्ने बखत नेपालको नेगोसियसन टिमको नेतृत्व गर्नुभएको थियो।

कार्यक्रममा बैंकर्स प्रशिक्षण केन्द्रका निमित्त कार्यकारी निर्देशक श्री अर्जुनबहादुर अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्दै सम्बन्धित विषयमा नेपालको तयारीका बारेमा छलफल गर्न कार्यक्रमको आयोजना गरिएको बताउनुभयो।

उद्घाटन समारोह पश्चात् अनुसन्धान विभागका कायममुकायम कार्यकारी निर्देशक श्री त्रिलोचन पंगेनीको अध्यक्षतामा कार्यशाला संचालन भएको थियो। उक्त अवसरमा उहाँले नेपाल राष्ट्र बैंक सबै स्टेकहोल्डरसँग सहकार्य गरेर सन् २०१० को तयारी गर्न लागिपरेको बताउनुभयो। साथै उहाँले नेपाली बैंक तथा वित्तीय संस्थामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्न सुविधासम्पन्न तालिम केन्द्रको स्थापना गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

गोष्ठीमा साउती नेपालका कार्यकारी निर्देशक श्री नवीन दाहालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। "विश्व व्यापार संगठनमा नेपालको प्रवेश : वित्तीय सेवामा नेपालले गरेका प्रतिवद्धताहरु र यसमा अन्तरनिहीत मुद्दाहरु र नेपालले गरेको तयारी" विषयक कार्यपत्र प्रस्तुत गर्दै श्री दाहालले सेवा प्रत्याभुति गर्ने ४ प्रकारका मोडलहरु रहेको उल्लेख गर्नुभयो। कार्यपत्रमा उहाँले प्रस्तुत गरेका ४ मोडलहरु यस प्रकार छन् :

1. From the territory of one member into the territory of any other member
2. In the territory of one member to the service consumer of any other member
3. By a service supplier of one member through commercial presence in the territory of any other member
4. By a service supplier of one member through presence of natural persons of a member in the territory of any other member.

गोष्ठीमा उहाँले उपरोक्त मोडलहरुको व्याख्या गर्नुभएको थियो। साथै, उहाँले कुनै पनि वित्तीय सेवा प्रदायक संस्थामा १५ प्रतिशतभन्दा बढी विदेशी कर्मचारी राख्न नपाइने प्रावधान रहेको प्रष्ट पार्नुभयो।

कार्यपत्रमाथि टिप्पणी गर्दै नेपाल बैंकर्स संघका अध्यक्ष श्री राधेश पन्तले श्रम नीतिमा समयानुकुल परिवर्तनको आवश्यकता रहेको बताउनुभयो।

अनुसन्धान विभागका उप-निर्देशक श्री नेफिल मातङ्गी मास्केले कार्यपत्रले आवश्यक सबै विषयवस्तु समेट्न नसकेको टिप्पणी गर्नुभएको थियो। उहाँले सम्बन्धित पक्ष (Stake-holders) हरु संग प्रभावकारी रुपमा समन्वय र सञ्चार (Effective Communication) गर्नु पर्ने सुझाव दिनुभएको थियो।

छलफलका क्रममा नेपाल वित्त कम्पनी संघका अध्यक्ष श्री रामशान्त श्रेष्ठले अहिलेको जनशक्तिले विदेशी बैंकहरुसँग प्रतिस्पर्धा गर्न नसक्ने धारणा राख्नुभयो।

छलफलमा लुम्बिनी इन्स्योरेन्स कम्पनीका श्री कृष्ण दवाडी, विकास बैंक एसोसियसनका श्री बद्री ओझा, कम्पनी रजिष्ट्रार कार्यालयका श्री भरत गौतम र बिमा समितिका श्री अनिल भट्टराईले आ-आफ्नो भनाई राख्नुभएको थियो।

छलफलमा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक सर्वश्री लिलाप्रकाश सिटौला, निर्देशकहरु बैंक तथा वित्तीय संस्था नियमन विभागका केशवराज आचार्य, बैंक सुपरिवेक्षण विभागका भीष्मराज ढुंगाना र अनुसन्धान विभागका शिवादेवी काफ्ले तथा अनुसन्धान विभागका सहायक निर्देशक राजनकृष्ण पन्त र लक्ष्मी बैंकका सचेत थापाले पनि आ-आफ्नो धारणा राख्नु भएको थियो।

नेपालस्थित साउथ एसियन वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोनमेन्ट नामक संस्थालाई नै साउती नेपाल भनिन्छ।

# मौद्रिक व्यवस्थापन लक्षित सीमामा

आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनासम्ममा देशको मौद्रिक व्यवस्थापन मौद्रिक नीतिको लक्ष्य वरिपरि रहेको देखिएको छ। नेपाल राष्ट्र बैंकले हालै जारी गरेको विज्ञप्तिमा उल्लिखित तथ्याङ्कले यस्तो स्थिति देखाएको हो।

### मुद्राप्रदाय

विज्ञप्तिका अनुसार उक्त महिनासम्ममा विस्तृत मुद्राप्रदाय १०.८ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा विस्तृत मुद्राप्रदाय ९.४ प्रतिशतले बढेको थियो। निजी क्षेत्रमा प्रवाहित बैंक कर्जा उल्लेख्य रुपले बढेका कारण विस्तृत मुद्राप्रदायको वृद्धि उच्च रहेको हो।

आवधिक निक्षेपको वृद्धिदर अघिल्लो वर्ष १०.६ प्रतिशत रहेकोमा समीक्षा अवधिमा १२.९ प्रतिशत रहेको छ। विप्रेषण आप्रवाह र वित्तीय संस्थाहरुको मुद्धति बचत बढेकोले आवधिक निक्षेप बढेको हो।

समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू २७ करोडले बढेको छ। अघिल्लो वर्ष खुद वैदेशिक सम्पत्ति रू ६ अर्ब ४३ करोडले बढेको थियो। विदेशमा काम गर्ने नेपालीहरुले पठाएको विप्रेषण आप्रवाह वृद्धि उच्च रहे तापनि आयात धेरै बढेकोले चालु खाता बचत अघिल्लो वर्षभन्दा कम रहेको हो। यसका साथै खुद वैदेशिक ऋण परिचालन ऋणात्मक रहेकाले समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्तिको वृद्धि कम रहेको हो।

### कुल आन्तरिक कर्जा

समीक्षा अवधिमा कुल आन्तरिक कर्जा १२.६ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष आन्तरिक कर्जा २.३ प्रतिशतले मात्र बढेको थियो। निजी क्षेत्रमा प्रवाहित बैंक कर्जाको विस्तारमा तीव्रता आएकाले कुल आन्तरिक कर्जाको वृद्धि उच्च रहेको हो।

नेपाल सरकारमाथिको खुद दावी अघिल्लो वर्ष ७.८ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा १.६ प्रतिशतले मात्र घटेको छ। नेपाल सरकारको खर्चको वृद्धि उच्च रहेकोले नेपाल सरकारमाथिको खुद दावी समीक्षा अवधिमा कम दरले घटेको हो।

निजी क्षेत्रतर्फ जाने कर्जा समीक्षा अवधिमा १६.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो कर्जा ९.४ प्रतिशतले विस्तार भएको थियो। थोक तथा खुद्रा व्यापारतर्फ रु ६ अर्ब २७ करोड, निर्माण क्षेत्रतर्फ रु ६ अर्ब ७१ करोड र घर घडेरीतर्फ रु ४ अर्ब कर्जा प्रवाह भएकोले निजी क्षेत्रतर्फको बैक कर्जा उच्च रहेको हो। त्यसैगरी हलुका सवारी साधन र शेयरको धितोमा पनि उल्लेख्य कर्जा वितरण भएकाले निजी क्षेत्रमा प्रवाहित बैंक कर्जा विस्तारमा तेजी आएको हो।

### सञ्चित मुद्रा

अघिल्लो वर्ष १.९ प्रतिशतले बढेको सञ्चित मुद्रा समीक्षा अवधिमा ४.० प्रतिशतले बढेको छ। नेपाल राष्ट्र बैंकको सरकारी ऋणपत्र माथिको लगानी र वाणिज्य बैंकहरुलाई कर्जा प्रवाह बढेकाले समीक्षा अवधिमा सञ्चित मुद्राप्रदायमा विस्तार आएको हो।

### विदेशी मुद्रा कारोवार

आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनासम्ममा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ६६ करोड ६ लाख खुद खरीद गरी रू ४२ अर्ब १६ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर ५१ करोड ८ लाख खुद खरीद गरी रू ३७ अर्ब १७ करोड बराबरको खुद तरलता प्रवाह गरिएको थियो।

आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनासम्ममा अमेरिकी डलर ७९ करोड बिक्री गरी रू ५० अर्ब २३ करोड बराबरको भारू खरिद गरिएको छ। अघिल्लो वर्षको यसै अवधिमा ४२ करोड अमेरिकी डलर भारतीय मुद्रा बजारमा बिक्री गरी रू ३० अर्ब ४९ करोड बराबरको भारू खरीद भएको थियो। समीक्षा अवधिमा नेपाल आयल निगमले भारतीय आयल निगमलाई तिनुपर्ने बक्यौता गत वर्षभन्दा बढी भुक्तानी गरेको र भारतसँगको बढ्दो चालु खाता घाटा पुरा गर्नको लागि समीक्षा अवधिमा बढी भारू खरीद भएको हो।

### खुला बजार कारोवार

आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनामा नेपाल राष्ट्र बैंकले दोस्रो बजार कारोवारमार्फत रू १९ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। यसको विपरित गत वर्षको यसै अवधिमा रू १९ अर्ब ४५ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो।

समीक्षा अवधिमा रिभर्स रिपो बोलकबोलमार्फत रू ५ अर्ब ५७ करोड र बिक्री बोलकबोलमार्फत रू १ अर्ब २४ करोड गरी कुल रू ६ अर्ब ८१ करोड बराबरको तरलता प्रशोचन भएको छ भने रिपो बोलकबोलमार्फत कुल रू ७ अर्ब बराबरको तरलता प्रवाह भएको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा बिक्री बोलकबोलबाट रू ५ अर्ब ८९ करोड र रिभर्स रिपो बोलकबोलबाट रू १३ अर्ब ५६ करोड गरी कुल रू १९ अर्ब ४५ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो।

### अन्तरबैंक कारोवार र स्थायी तरलता सुविधा

समीक्षा अवधिमा वाणिज्य बैंकहरूबीच कुल रू १८० अर्ब ३८ करोडको अन्तरबैंक कारोवार भएको छ। अघिल्लो वर्षको यसै अवधिमा अन्तरबैंक कारोबार कुल रु १०३ अर्ब ५० करोड रहेको थियो। समीक्षा अवधिमा अन्तरबैंक कारोवार बढ्नुको अतिरिक्त स्थायी तरलता सुविधाको उपयोग पनि बढेको छ। अघिल्लो वर्ष वाणिज्य बैंकहरुले रु ८ अर्ब १९ करोड स्थायी तरलता सुविधा उपयोग गरेकोमा समीक्षा अवधिमा यो सुविधा रु ७२ अर्ब ५० करोड पुगेको छ। आन्तरिक कर्जाको माग बढेकोले अन्तरबैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग बढेको हो।

### अल्पकालीन व्याजदर

२०६४ माघमा ९१ दिने ट्रेजरी बिल्सको भारित औसत मासिक व्याजदर ५.७९ प्रतिशत रहेको छ। यो २०६३ माघमा २.५९ प्रतिशत रहेको थियो। त्यसैगरी, २०६३ माघमा भारित औसत मासिक अन्तरबैंक व्याजदर २.०१ प्रतिशत रहेकोमा २०६४ माघमा ७.५५ प्रतिशत रहेको छ।

वाणिज्य बैंकहरूले निक्षेपमा प्रदान गर्ने व्याजदरमा केही परिवर्तन गरेका छन्। अघिल्लो वर्ष वाणिज्य बैंकहरूले बचत निक्षेपमा अधिकतम ५ प्रतिशतसम्म व्याज दिने गरेकोमा समीक्षा अवधिमा यो ५.२५ प्रतिशत पुगेको छ। त्यस्तै, आवधिक निक्षेपको व्याजदर पनि अघिल्लो वर्षको तुलनामा बढेको छ। अघिल्लो वर्ष २ वर्ष वा सो भन्दा माथिको निक्षेपको अधिकतम व्याजदर ५.५ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ६.७५ प्रतिशत पुगेको छ।

समीक्षा अवधिमा आन्तरिक कर्जाको माग बढेको र कृषि विकास बैंकको शेयरको प्राथमिक निष्कासनमा उल्लेख्य रकम संकलन भएकोले वाणिज्य बैंकहरुको अधिक तरलतामा केही संकुचन आई अल्पकालीन व्याजदर बढेका हुन्।

# नेपाल राष्ट्र बैंक र संचार क्षेत्रको सम्बन्ध राम्रो हुँदैछ

कायम मुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले नेपाल राष्ट्र बैंक र संचार क्षेत्रको सम्बन्ध राम्रो हुँदै गएको बताउनुभएको छ । उक्त कुरा उहाँले जनसम्पर्क महाशाखाले चैत २४ गते आयोजना गरेको 'नेपाल राष्ट्र बैंक र संचार क्षेत्रको सम्बन्धः एक समीक्षा' विषयक अन्तरक्रियाको उद्‌घाटनका अवसरमा व्यक्त गर्नुभएको हो ।



नेपाल राष्ट्र बैंक तथ्याङ्कको भण्डार भएको कुरा दोहोऱ्याउँदै उहाँले नेपाल आर्थिक पत्रकार समाज (सेजन) संगको सहकार्यले नेपाली आर्थिक पत्रकारितामा निखार आएको धारणा व्यक्त गर्नुभयो ।

आर्थिक पत्रकारहरुले बैंकका तथ्याङ्क तथा सूचनालाई जनताले बुझ्ने भाषामा सम्प्रेषण गर्नुपर्नेमा जोड दिँदै श्री मानन्धरले यसका लागि पत्रकारहरुको क्षमता अभिवृद्धिमा सहयोग गर्न बैंक इच्छुक रहेको जानकारी दिनुभयो ।

डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीको उपस्थिति रहेको उक्त कार्यक्रममा बैंकका विभागीय प्रमुख लगायत वरिष्ट अधिकृतहरु तथा पत्रकार गरी ५० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा सेजनका अध्यक्ष श्री किरण नेपालले नेपाली आर्थिक पत्रकारितालाई प्रवर्द्धन गर्न नेपाल राष्ट्र बैंकले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

हालैको अदालती निर्णयले नेपाल राष्ट्र बैंक अप्ठ्यारो अवस्थामा रहेको उल्लेख गर्दै उहाँले बैंकका पदाधिकारीहरुलाई हिम्मतका साथ सकारात्मक काम कारवाही गर्दा पनि पछि केही भइहाल्ने पो हो कि भन्ने आशंका रहेको धारणा राख्नुभयो । साथै, उहाँले देश संघीय संरचनाको अभ्यास गरिरहेको सन्दर्भ उल्लेख गर्दै आर्थिक पत्रकारिताले नयाँ संविधानपछिका आर्थिक मुद्दा के कस्तो हुने हो त्यसका बारेमा बहस चलाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उद्‌घाटन समारोहपश्चात अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रममा कार्यकारी निर्देशक श्री केशवप्रसाद आचार्यले 'नेपाल राष्ट्र बैंकको सुशासन र संचार जगतसंगको सहकार्य' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।



उक्त अवसरमा उहाँले नेपाल राष्ट्र बैंक पहिलेभन्दा धेरै नै पारदर्शी भएको चर्चा गर्नुभयो । नेपाल राष्ट्र बैंकको नीतिगत निर्णयले देशको आर्थिक क्षेत्रका सबै पक्षमा असर गर्ने भएकोले बैंकले व्यापक जनताको हित गर्ने निर्णय लिन प्रयास गर्ने उहाँको धारणा थियो । हालका दिनमा बैंकको संचार प्रक्रिया स्पष्ट नभएको बताउँदै उहाँले संचार जगतसंग बैंकका कुन तहका पदाधिकारीले सम्पर्क गर्ने भन्ने स्पष्ट नीतिको अभाव रहेको उल्लेख गर्नुभयो ।

सेजनका तर्फबाट उपाध्यक्ष श्री संजय न्यौपानेले 'सेजन र नेपाल राष्ट्र बैंकबीच संस्थागत सम्बन्ध सुधारका आधारहरु' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सेजनको स्थापनादेखि नै बैंकसंगको सम्बन्ध सुधार गर्ने प्रयास भएको उल्लेख गर्दै उहाँले वित्तीय क्षेत्र सुधार कार्यक्रमले यसमा गति थपेको बताउनुभयो । सुमधुर सम्बन्धकै कारण आर्थिक पत्रकारहरुलाई लण्डन, लाहोर र पुनेमा तालिमको अवसर मिलेको जानकारी दिँदै उहाँले चितवन, नेपालगञ्ज, भेडेटार लगायतका स्थानमा संचालित तालिममा मोफसलका दुई सयभन्दा बढी पत्रकारहरुलाई प्रशिक्षण दिन सकिएको बताउनुभयो । फलस्वरुप आर्थिक विषयका समाचार सम्प्रेषणमा सुधार आएको उहाँको निचोड थियो ।

आर्थिक अभियान साप्ताहिकका सम्पादक श्री मदन लम्सालले 'नेपाल राष्ट्र बैंक र नेपाली प्रेससंग यसको सम्बन्ध' विषयमा अन्तिम कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले प्रभावकारी समाचार सम्प्रेषणमा नेपाल राष्ट्र बैंक र प्रेस जगतले एक अर्काको उद्देश्य र कार्य स्पष्ट रुपले बुझ्नु आवश्यक रहेको तथ्य औंल्याउनुभयो ।

आर्थिक शब्दावली बुझ्ने, विश्लेषण गर्ने र सम्प्रेषण गर्ने क्षमताको कमी, तथ्याङ्क समयमा नपाउने र विशेषज्ञ व्यक्तिको न्यूनता आदि नेपाली



आर्थिक पत्रकारिताका समस्या रहेको उल्लेख गर्दै उहाँले नेपाल राष्ट्र बैंकले तथ्याङ्क ढिलो प्रकाशन गर्ने गरेको कार्यप्रति असन्तोष व्यक्त गर्नुभयो । यसै सन्दर्भमा उहाँले भन्नुभयो, 'सबै बैंक तथा वित्तीय संस्थाहरु कम्प्यूटर प्रणालीमा गइसकेको हुनाले पहल गर्ने हो भने ताजा तथ्याङ्क प्राप्त गर्न अब समस्या हुँदैन ।'

प्रस्तुत कार्यपत्रमाथि टिप्पणी गर्दै वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री भोलाराम श्रेष्ठले वित्तीय उदारीकरणको फलस्वरुप संख्यात्मक रुपले वृद्धि हुँदै गइरहेको बैंक तथा वित्तीय संस्थाहरुको सुपरिवेक्षण कार्य चुनौतीपूर्ण रहेको भए तापनि यसको सामना गर्न नेपाल राष्ट्र बैंक सक्षम भएको धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा पत्रकारहरुले आफ्नो क्षमता अभिवृद्धिमा नेपाल राष्ट्र बैंकले पुऱ्याएको योगदानको सराहना गर्दै आर्थिक तथ्याङ्क तथा सूचना सामयिक र अद्यावधिक गर्न बैंकसंग आग्रह गर्नुभयो ।

अन्तमा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक श्री गोपालप्रसाद काफ्लेले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो ।

शुरुमा जनसम्पर्क महाशाखाका कायममुकायम उप-निर्देशक श्री बिमला उपाध्यायले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको उद्देश्यमाथि चर्चा गर्नुभएको थियो । अन्तरक्रियाको संचालन प्रधान सहायक श्री भागवत आचार्यले गर्नुभएको थियो ।

# पोखरामा पूर्वबजेट गोष्ठी

नेपाल राष्ट्र बैंक, पोखराले चैत ९ गते पोखरामा पूर्वबजेट तथा औद्योगिक तथ्याङ्क गोष्ठी आयोजना गऱ्यो । स्थानीय प्रबुद्ध वर्ग, उद्योगपति, व्यवसायी, प्राज्ञ, स्थानीय सरकारी तथा गैरसरकारी संस्थाका प्रमुखहरु एवम् संचारकर्मीहरुको सहभागिता रहेको उक्त गोष्ठीको प्रमुख अतिथि अनुसन्धान विभागका कायममुकायम कार्यकारी निर्देशक श्री त्रिलोचन पंगेनी हुनुहुन्थ्यो । उहाँले गोष्ठीको शुभारम्भ गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंक, पोखराका मुख्य व्यवस्थापक श्री शिवनाथ पाण्डेको सभापतित्वमा संचालित उक्त गोष्ठीमा व्यवस्थापक श्री केशव थापाले स्वागत मन्तव्य व्यक्त गर्दै गोष्ठीको उद्देश्यका बारेमा चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बलिरामप्रसाद सिंहले गोष्ठीले सरकारको बजेट निर्माण कार्यमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उद्घाटन सत्रपछि संचालित गोष्ठीमा कायममुकायम कार्यकारी निर्देशक श्री पंगेनीले आर्थिक तथ्याङ्को महत्व र पूर्वबजेटकालीन आर्थिक प्रतिवेदन विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा औद्योगिक तथ्याङ्का स्रोत तथा संकलन विधि, कुल गार्हस्थ्य उत्पादन प्रक्षेपण तथा विश्लेषणमा औद्योगिक तथ्याङ्को महत्व, तथ्याङ्क संकलनको प्रयोजन, संकलनमा देखिएका समस्या तथा चुनौती, उत्पादनमूलक उद्योग क्षेत्रले बेहोरिरहेका समस्याहरु लगायतका विषयवस्तु समेटिएका छन् ।

प्रस्तुत कार्यपत्र उपरको छलफलमा उद्योगपति सर्वश्री हरिप्रसाद पाण्डे, जिल्ला कृषि विकास कार्यालय, कास्कीका प्रमुख बेनीबहादुर बस्नेत, पृथ्वीनारायण बहुमुखी क्याम्पस, व्यवस्थापन शिक्षण विभागका डा. श्री वेदनाथ शर्मा, अर्थशास्त्र विभागका श्री गेहेन्द्र कोइराला, कृषि विकास बैंक, कास्कीका प्रमुख दशरथ जोशी, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष दीपक श्रेष्ठ, व्यवसायी माइकल कर्माचार्य, विन्दु कोइराला, पोखरा पर्यटन परिषदका अध्यक्ष सुन्दरकुमार श्रेष्ठ, नेपाल बैंक लिमिटेड, पोखराका ऋषिराम चिलुवाल, पोखरा उपमहानगरपालिका कार्यालयका कार्यकारी प्रमुख उत्तमप्रसाद नागिला सहभागी हुनुभयो ।

छलफलको क्रममा उठेका जिज्ञासाको जवाफ दिँदै कार्यपत्र प्रस्तोता श्री पंगेनीले अर्थव्यवस्थाको परम्परागत संरचनालाई बदली आधुनिक बनाउन कृषि क्षेत्रको विकास अपरिहार्य रहेको बताउनुभयो । कृषि क्षेत्रको विकासले उद्योग क्षेत्रको समेत विकास भई उत्पादन, रोजगारी र निर्यात वृद्धि हुने र शोधनान्तर स्थितिमा सुधार हुने विचार उहाँले व्यक्त गर्नुभयो । साथै, उहाँले सहभागीहरुबाट प्राप्त राय एवम् सुझावलाई पूर्वबजेटकालीन प्रतिवेदन प्रस्तुत गर्दा समावेश गरिने बताउनुभयो ।

गोष्ठीका सभापति श्री पाण्डेले देशको केन्द्रीय बैंकको हैसियतले नेपाल राष्ट्र बैंकको प्रमुख कर्तव्य आन्तरिक एवम् बाह्य स्थायित्व हासिल गर्दै वित्तीय स्थायित्वका निमित्त वाञ्छित उपायहरुको अवलम्बन गर्नु रहेको बताउनुभयो । सरकारको आर्थिक सल्लाहकारको रुपमा बैंकले देशको समसामयिक वर्तमान एवम् भावी आर्थिक स्थितिका सम्बन्धमा सरकारसमक्ष नियमित तवरले राय सुझाव एवम् प्रस्ताव पेश गर्ने गरेको उहाँले बताउनु भयो । उहाँले आर्थिक वर्ष २०६५/६६ को बजेट बढी व्यावहारिक, यथार्थपरक, वस्तुनिष्ठ र जनमुखी बनाउन सम्बन्धित सरोकारवालाहरुको आकांक्षा एवम् चाहना बुझी सोही अनुरुपको सूचना, जानकारी तथा प्रस्ताव नेपाल सरकारसमक्ष प्रेषित गर्ने अभिप्रायले गोष्ठी आयोजना गरिएको जानकारी दिनुभयो । साथै, उहाँले प्रबुद्ध वर्गको उपयोगी, दूरदर्शी एवम् वर्तमान राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्ने गहनतम सुझावले आगामी बजेट तर्जुमा एवम् आर्थिक नीति निर्माणमा सम्बन्धित निकायलाई ठूलो सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो ।

गोष्ठीको संचालन नेपाल राष्ट्र बैंक, पोखराका सहायक व्यवस्थापक श्री वसन्तबहादुर थापाले गर्नुभएको थियो ।

# कर्जा निर्देशिका सम्बन्धी अन्तरक्रिया

लघु वित्त विभाग, ग्रामीण स्वावलम्बन कोषले माघ १८ गते नेपालगञ्जमा सहकारी तथा गैरसरकारी संस्था र लघु वित्त विकास बैंकका २३ जना प्रतिनिधिहरुको सहभागितामा "ग्रामीण स्वावलम्बन कोष कर्जा निर्देशिका" विषयक अन्तरक्रिया सम्पन्न गऱ्यो ।




कार्यक्रमको उद्घाटन लघु वित्त विभागका कार्यकारी निर्देशक तथा कोष संचालक समितिका सदस्य-सचिव श्री सुशिलराम माथेमाले गर्नुभएको थियो । उक्त अवसरमा उहाँले कार्यक्रमबाट ग्रामीण भेगका लघु वित्तीय संस्थाहरु बढी लाभान्वित हुने विचार व्यक्त गर्नुभयो ।

कोषको विगत ४० वर्षको उपलब्धिको सिंहावलोकन गर्दै उहाँले लघु वित्तले ग्रामीण गरिबी घटाउन महत्वपूर्ण योगदान दिएको तथ्य औंल्याउनुभयो ।

सहकारी तथा गैरसरकारी लघु वित्तीय संस्थाहरुले आर्थिक कारोबार पारदर्शी भएर गर्नुपर्नेमा जोड दिँदै उहाँले यसका साथै व्यावसायिक योजना तर्जुमा र लेखा राख्ने विधि सम्बन्धमा कोषले तालिम प्रदान गर्दै जाने जानकारी दिनुभयो ।

नेपाल राष्ट्र बैंक, नेपालगञ्जका मुख्य व्यवस्थापक श्री कृष्णबहादुर थापाले कोषको क्रियाकलापका बारेमा प्रकाश पार्दै ग्रामीण क्षेत्रको आर्थिक विकासमा लघु वित्त संस्थाहरुको महत्वपूर्ण भूमिका रहने धारणा राख्नुभयो । उहाँले कार्यक्रममा प्रस्तुत कार्यपत्रमाथि टिप्पणी पनि गर्नुभएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै लघु वित्त विभागका उप-निर्देशक डा. वामदेव सिग्देलले कोषबाट प्राप्त कर्जाको सदुपयोग गरी ग्रामीण विपन्न वर्गको आर्थिक उत्थान गर्न सहकारी संस्थाहरु लाग्नुपर्ने बताउनुभयो । अन्तरक्रियामा उहाँले ग्रामीण स्वावलम्बन कोषको कर्जा प्रवाह कार्यविधि विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सोही विभागका सहायक निर्देशक श्री अमरकृष्ण जोशीले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रमको सञ्चालन प्रधान सहायक श्री टीकाराम खतिवडाले गर्नुभएको थियो ।



# सुपरिवेक्षण प्रभावकारी बनाउन चालिएका कदमहरु

■ भोलाराम श्रेष्ठ

वित्तीय उदारीकरण र बजार अर्थतन्त्रको परिप्रेक्ष्यमा नेपालमा बैंक तथा वित्तीय संस्थाहरुको संख्यात्मक वृद्धि उल्लेखनीय रुपमा भएको छ। नेपालको वित्तीय प्रणालीमा २०६४ चैतसम्ममा केन्द्रीय बैंकको नियमन तथा सुपरिवेक्षणको परिधिभित्र २३ वाणिज्य बैंक, ७० विकास बैंक (लघु वित्त समेत), ७९ वित्त कम्पनी, १६ बचत तथा ऋण सहकारी संस्था (सीमित बैंकिङ्ग कारोवार) र वित्तीय मध्यस्थता गर्ने ४७ गैरसरकारी संस्थाहरु गरी २३५ वित्तीय संस्थाहरु सञ्चालनमा छन्। ती संस्थाहरुको वृद्धिसँगै कारोवारमा वृद्धि र जटिलताहरु पनि थपिएका छन्। यसप्रकार ती संस्थाहरुको अनुगमन गर्ने जिम्मेवारी चुनौतीपूर्ण बन्दै गएको छ। यसै परिप्रेक्ष्यमा विभिन्न क्षेत्रबाट प्रश्न उठ्न थालेका छन् कि केन्द्रीय बैंकले अब थप संस्थाहरुलाई इजाजत बन्द गर्ने बेला आएन र? बढ्दो सुपरिवेक्षकीय जिम्मेवारी निर्वाह गर्न केन्द्रीय बैंक सक्षम छ र? प्रश्न उठ्नु स्वाभाविक छ। तर एक अध्ययनले के देखाएको छ भने उदार वित्तीय वातावरणमा थप बैंक तथा वित्तीय संस्था खोल्न रोक लगाउनु व्यावहारिक हुँदैन, बरु स्वस्थ प्रतिस्पर्धाका लागि प्रवेश र निकास खुला गरिनु पर्दछ।

जहाँसम्म केन्द्रीय बैंकको सुपरिवेक्षण क्षमताको प्रश्न छ, परम्परागत पद्धतिको सुपरिवेक्षणबाट अब सम्भव छैन। यिनै तथ्यलाई मध्यनजर गरी नेपाल राष्ट्र बैंकले विगत केही वर्षदेखि सुधारका कार्यहरुको थालनी गरिसकेको छ। यस अर्थमा बैंक तथा वित्तीय संस्थाको सङ्ख्या बढ्दैमा सुपरिवेक्षणको प्रभावकारितामा कमी आउँदैन। यस सन्दर्भमा चालिएका प्रमुख कदमहरु देहाय बमोजिम छन्:

- नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सबै कार्यप्रकृतिका वित्तीय संस्थाहरुको सुपरिवेक्षण एउटै विभागले गर्दै आएकोमा ती संस्थाहरुको सङ्ख्या वृद्धि हुँदै गई सुपरिवेक्षकीय जिम्मेवारी पनि तदनुरुप वृद्धि हुँदै गएको परिप्रेक्ष्यमा ती संस्थाहरुको सुपरिवेक्षणमा प्रभावकारिता ल्याउन वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको सुपरिवेक्षण गर्ने छुट्टाछुट्टै विभागहरुको गठन गरिएको छ। साथै सुपरिवेक्षकहरुको क्षमता अभिवृद्धि गराई कानूनी रुपले अधिकार सम्पन्न गराइएको छ।
- अन्तर्राष्ट्रिय रुपमा मान्यताप्राप्त अभ्यास (International Best Practices) मा आधारित सुपरिवेक्षण गर्ने गरिएको छ। यस सन्दर्भमा बासेलका २५ बूँदे सुपरिवेक्षकीय निर्देशक सिद्धान्तहरु (Basel Core Principles) यथासम्भव अवलम्बन गरिएको छ।
- विश्व बैंकको परामर्शदाता समेतको सहयोगमा बैंक तथा वित्तीय संस्थाहरुको स्थलगत निरीक्षणका लागि अन्तर्राष्ट्रिय स्तरको बृहत् निर्देशिका तर्जुमा गरी लागू गरिएको छ।
- वित्तीय संस्थाहरुको बढ्दो संख्यालाई दृष्टिगत गरी गैरस्थलगत सुपरिवेक्षण पद्धतिलाई जोड दिने नीति लिइएको छ। यस सन्दर्भमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको लागि छुट्टाछुट्टै निर्देशिकाहरु तर्जुमा गरी लागू गरिएको छ। गैरस्थलगत सुपरिवेक्षणबाट प्राप्त पूर्वचेतावनीको सङ्केत (Early Warning Signal) लाई विशेष महत्व दिइएको छ। यस सन्दर्भमा लेखापरीक्षकहरुले पेश गर्ने बैंक तथा वित्तीय संस्थाहरुको लङ्गफर्म अडिट रिपोर्टलाई अझै यथार्थपरक बनाउन सोको ढाँचालाई परिमार्जन गरिएको छ। यसबाट प्रचलित संस्थाहरुबाट कानून तथा नियमन व्यवस्थाको पालनाको स्थिति अनुगमन गर्न सहज भई गैरस्थलगत सुपरिवेक्षणलाई टेवा मिल्ने अपेक्षा गरिएको छ।
- वित्तीय संस्थाहरुलाई निश्चित वित्तीय परिसूचकहरुको आधारमा "क", "ख" र "ग" वर्गमा विभाजन गरी वित्तीय स्थिति नाजुक हुँदै गएका संस्थालाई विशेष निगरानी (Close Monitoring) मा राखी आवश्यकतानुसार स्थलगत निरीक्षण गर्ने तथा वित्तीय स्वास्थ्य राम्रो देखिएका उच्च वर्गमा परेका वित्तीय संस्थाहरुको गैरस्थलगत सुपरिवेक्षणमै बढी जोड दिने नीति लिइएको छ।
- हाल वित्तीय संस्थाहरुको सुपरिवेक्षण मुख्यतः नीति निर्देशन पालनाको अनुगमनमा आधारित (Compliance-based) रहेकोमा आगामी दिनहरुमा क्रमिक रुपमा जोखिम केन्द्रीत सुपरिवेक्षण (Risk-focussed Supervision) पद्धति अवलम्बन गर्ने नीति लिइएको छ।
- वाणिज्य बैंकहरुमा पूँजी कोष सम्बन्धी नयाँ मापदण्ड (Basel II) अनुसार पूँजी पर्याप्तताको ढाँचा कार्यान्वयनको प्रक्रियामा रहेको छ। बैंक तथा वित्तीय संस्थाहरुले तोकिएको न्यूनतम पूँजी कोष कायम राख्न नसकेको अवस्थामा शिघ्र सुधारात्मक कारवाही (Prompt Corrective Action) हुने पारदर्शी संयन्त्र निर्माण गरिएको छ। तदनुरुप २०६५ कात्तिक १ गतेदेखि तोकिए बमोजिमभन्दा कम न्यूनतम पूँजी कोष अनुपात भएका वित्तीय संस्थाहरुलाइ सोही अनुसार कारवाही हुने व्यवस्था गरिएको छ। नयाँ व्यवस्था अनुसार नेपाल राष्ट्र बैंकले लाभांश वितरणमा प्रतिबन्ध लगाउनेदेखि वित्तीय संस्थाहरुलाई समस्याग्रस्त घोषणा गर्ने र विघटन गर्ने सम्मका प्रक्रियाहरु चाल्न सक्छ।

उपर्युक्त कदमहरुका अतिरिक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने तथा विलय हुने (Merger and Acquisition) सम्बन्धी कानूनी व्यवस्था र मार्गदर्शनहरुबाट पनि संस्थाहरुको सङ्ख्यात्मक वृद्धि रोक्न मद्दत पुग्ने देखिन्छ। खासगरी आगामी दिनहरुमा वित्तीय क्षेत्रमा हुन सक्ने तीव्र प्रतिस्पर्धा, न्यूनतम पूँजी कोष पुर्‍याउन नसकेको अवस्थामा हुने शिघ्र सुधारात्मक कारवाहीबाट बच्न पनि संस्थाहरु एक आपसमा गाभ्नुपर्ने स्थिति आउने देखिन्छ। यसका अतिरिक्त सबै प्रकृतिका लघु वित्त संस्थाहरुको नियमन तथा सुपरिवेक्षण गर्न छुट्टै संस्था (Second-Tier Institution) को व्यवस्था गर्ने लक्ष्य राखिएको छ। उक्त संस्थाको स्थापनापश्चात् हाल नेपाल राष्ट्र बैंकको परिधिभित्र रहेका ७५ लघु वित्त संस्थाहरुको सुपरिवेक्षण सोही संस्थाबाट हुनेछ। यसप्रकार हाल निक्षेप स्वीकार गर्ने संस्थाहरुको सङ्ख्या ठूलो देखिए तापनि समयान्तरमा यो सङ्ख्या घट्दै गई नेपाल राष्ट्र बैंकलाई सुपरिवेक्षणको कार्य बोझ कम हुँदै जानेछ। समग्रमा निक्षेपकर्ताको हित संरक्षण लगायतका उद्देश्य प्राप्तीका लागि बैंक तथा वित्तीय संस्थाहरुको सुपरिवेक्षण कार्य आगामी दिनहरुमा अझै प्रभावकारी हुँदै जाने आशा गर्न सकिन्छ। यसका लागि सुपरिवेक्षकीय क्षमता सुदृढीकरणको प्रक्रियालाई भने निरन्तरता दिइनु आवश्यक छ।



# तरलता अनुगमन तथा प्रक्षेपण संरचना

▪ प्रकाशकुमार श्रेष्ठ

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०६१।६२ देखि तरलता अनुगमन तथा प्रक्षेपण संरचना प्रयोगमा ल्याएको छ। वाणिज्य बैंकहरूसँग रहेको अधिक तरलतालाई मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा लिइएको सन्दर्भमा उक्त अधिक तरलता अनुगमन र प्रक्षेपण गर्न नै तरलता अनुगमन तथा प्रक्षेपण संरचना प्रयोगमा ल्याइएको हो।

नेपाल राष्ट्र बैंकको साप्ताहिक वासलातमा आधारित भएर प्रत्येक हप्ताको अन्तमा वाणिज्य बैंकहरूसंग रहेको अधिक तरलताको अनुगमन यस संरचनामार्फत गरिन्छ। अधिक तरलता भन्नाले वाणिज्य बैंकहरूले नेपाल राष्ट्र बैंकमा राख्नु पर्ने अनिवार्य नगद अनुपातभन्दा बढी नेपाल राष्ट्र बैंकमा रहेको नगद सञ्चिति हो। अधिक तरलताको स्थितिले मौद्रिक योगाङ्कहरूको सम्भावित प्रवृतिलाई अग्रिम संकेत गर्ने ठानिएको छ।

अर्थतन्त्रमा उपयुक्त ढंगबाट तरलता व्यवस्थापन हुनुपर्दछ। आवश्यकताभन्दा बढी तरलता भएमा अर्थतन्त्रमा मुद्रास्फीति बढ्ने र शोधनान्तर स्थितिमा नकारात्मक असर पर्ने हुन्छ भने कम भएमा कारोवारको लागि पर्याप्त तरलताको अभाव हुन्छ। तसर्थ, बैकिङ्ग प्रणालीको तरलता व्यवस्थापन सहज पार्दै मौद्रिक नीति संचालन गर्न तरलता अनुगमन तथा प्रक्षेपण संरचनालाई उपयोग गरिएको छ।

तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले अघिल्लो हप्तामा वाणिज्य बैंकहरूसँग रहेको अधिक तरलताको मात्रा र सोको कारण समेतलाई प्रतिविम्बित गराउँदछ। खासगरी विदेशी विनिमय बजारमा हस्तक्षेप गरी विदेशी मुद्रा खरिद गर्दा तरलता प्रवाह हुन जान्छ। त्यस्तै, सरकारी खर्चले तरलता प्रवाह बढाउँछ भने राजस्व संकलनले घटाउँछ। चलनचल्तीमा बढी मुद्रा रहेमा वाणिज्य बैंकहरूसँग कम तरलता रहन जान्छ। अन्य गैरमौद्रिक दायित्वमा आउने परिवर्तनले केही हदसम्म तरलतामा असर पार्दछ।

अघिल्लो हप्ताको अधिक तरलताको मापनपछि चालु हप्ताको तरलता स्थितिको बारेमा प्रक्षेपण गरिन्छ। अधिक तरलताको प्रक्षेपणका लागि अघिल्लो हप्ताको अन्तमा रहेको तरलतालाई आधार मानिन्छ। त्यसमा थपघट गराउने कारक तत्वहरू समायोजन गरी अधिक तरलताको प्रक्षेपण गरिन्छ। खासगरी विदेशी विनिमय बजारमा हुनसक्ने सम्भावित हस्तक्षेप, सरकारी खर्च तथा राजस्वमा आउने सम्भावित परिवर्तन, सरकारी ऋणपत्रको निष्काशन तथा भुक्तानी, अघिल्लो हप्ताको दोस्रो बजार कारोवारको स्थिति र चलनचल्तीमा रहेको नोटको मात्रामा आउने परिवर्तनलाई आँकलन गरी अधिक तरलताको प्रक्षेपण गरिन्छ।

अधिक तरलतालाई असर गर्ने कारक तत्वहरूको आँकलन त्यति सहज छैन। अधिक तरलतालाई असर गर्ने कारक तत्वहरूलाई आँकलन गर्न यथेष्ठ सूचनाहरू प्राप्त हुनुपर्दछ। यी तत्वहरूको प्रक्षेपण गर्न नेपालमा अंक गणितीय मोडेलहरू छैनन्। फेरी अर्थतन्त्रको

**❛ अहिलेको स्थिति हेर्दा तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले देखाए अनुसार प्रभावकारी ढंगबाट खुलाबजार कारोबार गर्नु पर्ने आवश्यकता छ भने प्रक्षेपण प्रक्रियालाई अझ बढी परिष्कृत पार्नु पर्ने देखिएको छ। ❜**

संरचनामा परिवर्तन आइरहेको सन्दर्भमा मोडेलमा आधारित प्रक्षेपणका आफ्नै कमजोरी पनि हुने गर्दछन्।

अधिक तरलताको प्रक्षेपणपछि सो तरलतालाई दैनिक कारोवारको लागि आवश्यक पर्ने तरलतासँग दाँजिन्छ। दैनिक कारोवारको लागि वाणिज्य बैंकहरूले उनीहरूसँग रहेको निक्षेपको केही प्रतिशत (१.२५ प्रतिशत) अधिक तरलता राख्नुपर्ने हालको अनुमान रहेको छ। यो भन्दा अधिक तरलता हुने देखिएमा तरलता प्रशोचन गर्नु पर्ने र कम भएमा तरलता प्रवाह गर्नु पर्ने हुन आउँछ।

तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले इङ्गित गरेको अधिक तरलतालाई आधार बनाई खुला बजार संचालन समितिले तरलता व्यवस्थापनको लागि खुला बजार कारोबार सम्बन्धी निर्णय गर्दछ। तरलता प्रक्षेपण गर्ने क्रममा अल्पकालीन व्याजदर, मौद्रिक नीतिको उद्देश्य र उपलब्ध मासिक मौद्रिक योगाङ्कहरूको प्रकृतिलाई पनि ध्यान दिइएको हुन्छ।

अधिक तरलताको प्रकृति हेरीकन अल्पकालीन अवधिको तरलता व्यवस्थापनको लागि रिपो तथा रिर्भस रिपो र मध्यमकालीन अवधिको लागि सोझै बिक्री तथा खरिद बोलकबोल गर्ने गरिन्छ। प्रशोचनको लागि रिभर्स रिपो तथा सोझै बिक्री बोलकबोललाई प्रयोग गरिन्छ भने तरलता प्रवाहको लागि रिपो तथा खरिद बोलकबोल गर्ने गरिन्छ। तरलता अनुगमन तथा प्रक्षेपण संरचनाका आधारमा खुला बजार कारोवारको मात्रा निर्धारण गरी बोलकबोलको लागि आह्वान गरिन्छ। वाणिज्य बैंकहरूले उक्त मात्राको लागि बोलपत्र पेश गर्दछन्। फलस्वरुप, बोलकबोलबाट व्याजदर निर्धारण हुन पुग्छ।

उल्लेख्य तरलताले गर्दा हालका वर्षहरूमा निक्षेपको व्याजदर खासै बढ्न सकेको छैन्। २०६४ पुस र माघ महिनामा विभिन्न कारणहरूले तरलतामा केही कमी आई दीर्घकालीन निक्षेपका व्याजदर केही बढेको भए पनि फागुन महिनादेखि वाणिज्य बैंकहरूसँग पुन: उल्लेख्य तरलता रहन गएको छ। तसर्थ, अन्तरबैंक कारोवारदर पुन: १ प्रतिशतको हाराहारीमा झरेको छ। लगानीको वातावरणमा सुधार आई अर्थतन्त्रमा उल्लेख्य लगानी नबढुन्जेल मौद्रिक नीतिको सफल कार्यान्वयनका लागि तरलता व्यवस्थापन चुनौतीपूर्ण रहेको छ र तरलता व्यवस्थापनको लागत पनि बढिरहेको छ।

खुला बजार कारोबारमार्फत मौद्रिक व्यवस्थापन गर्दा नेपालमा परिमाण नियम अवलम्बन गरिएको छ। तरलता व्यवस्थापनलाई गतिशील बनाउन वाणिज्य बैंकहरूको तरलता स्थितिको अनुगमन दैनिक रुपमा गर्न थालिएको छ। तर, अहिलेको स्थिति हेर्दा तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले देखाए अनुसार प्रभावकारी ढंगबाट खुलाबजार कारोबार गर्नु पर्ने आवश्यकता छ भने प्रक्षेपण प्रक्रियालाई अझ बढी परिष्कृत पार्नु पर्ने देखिएको छ। मौद्रिक नीतिको प्रसारण व्याजदरलाई प्रभाव पारेर हुने हुँदा व्याजदरलाई लक्षित रुपमा प्रभाव पार्ने गरी खुला बजार कारोबार संचालन गर्नुपर्ने देखिन्छ।

## कायममुकायम गभर्नर श्री मानन्धर जाकर्तामा



कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धर सिसन सेन्टरले इण्डोनेसियाको जाकर्तामा आयोजना गरेको सिसन गभर्नरहरुको ४३ औं कन्फरेन्स र वोर्ड अफ गभर्नर्सको २७ औं बैठकमा भाग लिनु भई चैत १२ गते काठमाडौं फर्कनुभयो। बैठकमा भाग लिन उहाँ चैत ४ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो।

उहाँ जाकर्ता जानुभएको अवधिभर गभर्नरको कार्यभार डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीले सम्हाल्नु भएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ।

कन्फरेन्समा भाग लिन श्री मानन्धरका साथ अनुसन्धान विभागका उप-निर्देशक श्री शालिग्राम दाहाल पनि जानुभएको थियो।

## डेपुटी गभर्नर श्री रायमाझी बैठकमा



डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझी सेन्ट्रल बैंक अफ श्रीलंकाले कोलम्बोमा आयोजना गरेको SAARC Payments Council को उद्घाटन समारोहमा सहभागी हुनु भई चैत १७ गते काठमाडौं फर्कनुभयो। समारोहमा भाग लिन उहाँ चैत १३ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो।

## कार्यकारी निर्देशकहरु सेमिनार तथा बैठकमा



वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री भोलाराम श्रेष्ठ सियासन सेन्टरले इण्डोनेसियाको बालीमा आयोजना गरेको "Preparations for Implementation of Basel II" विषयक सिसन सेमिनारमा भाग लिन फागुन २० गते प्रस्थान गर्नु भई चैत ४ गते काठमाडौं फर्कनुभयो।

सेमिनारमा भाग लिन उहाँका साथ संस्थागत योजना विभागका निर्देशक श्री वासुदेव आचार्य पनि जानुभएको थियो।



बैंकिङ्ग कार्यालयका कार्यकारी निर्देशक श्री गणेशकुमार श्रेष्ठ HSBC ले सिंगापुरमा आयोजना गरेको 'Cash Processing Facility in Singapore' विषयक अवलोकन भ्रमणमा भाग लिन चैत १४ गते प्रस्थान गर्नु भई चैत २१ गते काठमाडौं फर्कनुभयो।

कार्यक्रममा भाग लिन उहाँका साथ सोही कार्यालयका सहायक निर्देशकद्वय श्री ध्रुवराज आचार्य तथा श्री सुरेन्द्रलाल श्रेष्ठ र विदेशी विनिमय व्यवस्थापन विभागका सुपरभाइजर (कम्प्युटर) श्री महेशबहादुर ढकाल पनि जानुभएको थियो।



जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक श्री लिलाप्रकाश सिटौला APRACA ले भियतनाममा आयोजना गरेको APRACA को 16th General Assembly र 54th EXCOM Meeting मा भाग लिन चैत ९ गते प्रस्थान गर्नुभयो। त्यसपछि उहाँ बैंककस्थित AIT Institute को छलफलमा सहभागी हुनु भई चैत २१ गते काठमाडौं फर्कनुभयो।

# तालिम तथा सेमिनार

अनुसन्धान विभागका उप-निर्देशक श्री प्रकाशकुमार श्रेष्ठ स्वीजरल्याण्डको जर्जेन्सीमा संचालित Monetary Policy, Exchange Rates & Capital Flows विषयक केन्द्रीय बैंकिङ्ग कोर्स २००८ मा सहभागी हुन फागुन ११ गते जानु भई चैत ३ गते काठमाडौं फर्कनुभयो।

सोही विभागका उप-निर्देशक श्री भुवनेश्वरप्रसाद पन्त IMF ले सिंगापुरमा आयोजना गरेको New Balance of Payments and International Investment Position Manual विषयक सेमिनारमा भाग लिन फागुन १८ गते त्यसतर्फ जानु भई फागुन २६ गते काठमाडौं फर्कनुभयो।

नेपाल राष्ट्र बैंक, पोखराका सहायक व्यवस्थापक श्री वसन्तबहादुर थापा र बैंकिङ्ग कार्यालयका सहायक निर्देशक श्री भुपेन्द्रकुमार श्रेष्ठ APRACA र CENTRAB ले संयुक्त रुपमा फिलिपिन्सको मनिलामा आयोजना गरेको Management and Operations of Microfinance Institutions विषयक अध्ययन भ्रमणमा सहभागी हुन फागुन ४ गते त्यसतर्फ जानु भई फागुन १३ गते काठमाडौं फर्कनुभयो।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक श्री आर्या जोशी भारतीय रिजर्भ बैंकले भारतको मुम्बईमा आयोजना गरेको ACU Technical Committee को दोस्रो बैठकमा सहभागी हुन फागुन ११ गते जानु भई फागुन १५ गते काठमाडौं फर्कनुभयो।

आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशक श्री सुदिप फुँयाल IMF र ITP ले संयुक्त रुपमा भारतको पुनेमा आयोजना गरेको Financial Programming and Policies विषयक तालिममा भाग लिन फागुन १८ गते प्रस्थान गर्नु भई चैत १३ गते काठमाडौं फर्कनुभयो।

सहायक निर्देशकद्वय बैंक सुपरिवेक्षण विभागका श्री राजकुमार श्रेष्ठ र वित्तीय संस्था सुपरिवेक्षण विभागका श्री मुक्तिनाथ सापकोटा भारतीय रिजर्भ बैंकले पुनेमा आयोजना गरेको Interactive Offsite Surveillance System विषयक कार्यशालामा भाग लिन फागुन १८ गते जानु भई फागुन २६ गते काठमाडौं फर्कनुभयो।

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका सहायक व्यवस्थापक श्री गुरुप्रसाद पौडेल र वित्तीय संस्था सुपरिवेक्षण विभागका सहायक निर्देशक श्री केशवराज डोटेल APRACA र CENTRAB ले फिलिपिन्सको मनिलामा आयोजना गरेको Women Empowerment विषयक अध्ययन भ्रमणमा सहभागी हुन फागुन २५ गते प्रस्थान गर्नु भई चैत ४ गते काठमाडौं फर्कनुभयो।

भियतनाममा आयोजित कार्यक्रममा लघु वित्त विभागका उप-निर्देशक श्री विनोदराज आचार्य पनि सहभागी हुनुहुन्थ्यो।



मुद्रा व्यवस्थापन विभागका कायममुकायम कार्यकारी निर्देशक श्री मनमोहनकुमार श्रेष्ठ रु दुई दरका सिक्काको Waste Destruction कार्यको अवलोकन गर्न फागुन ७ गते चीनस्थित China Banknote and Minting Corporation तर्फ प्रस्थान गर्नु भई फागुन १३ गते काठमाडौं फर्कनुभयो। अवलोकनमा टक्सार महाशाखाका आस्सेयर श्री लोकेन्द्रप्रसाद अर्याल पनि जानुभएको थियो।

# संस्थाको लेखाप्रणाली चुस्त हुनुपर्ने

ग्रामीण स्वावलम्बन कोषमा सहभागी वित्तीय संस्थाहरुको क्रियाकलाप र लेखाप्रणाली चुस्त र दुरुस्त हुनुपर्ने एक तालिमका सहभागीहरुले महसुस गरेका छन् ।

लघु वित्त विभागले कोषमा सहभागी वित्तीय संस्थाका सदस्यहरुका लागि फागुन ११ देखि १३ गतेसम्म पोखरामा आयोजना गरेको "ग्रामीण स्वावलम्बन कोषको क्रियाकलाप र लेखाप्रणाली" विषयक ३ दिने तालिमका सहभागीहरुले यस्तो अनुभव गरेका हुन् ।



तालिममा कास्की, तनहुँ, गोरखा, धादिङ्ग, लमजुङ्ग, पर्वत, बाग्लुङ्ग, चितवन, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र रामेछाप गरी ११ जिल्लाका विभिन्न सहकारी संस्थाका २३ जना प्रतिनिधिहरुले भाग लिएका थिए ।

तालिमको उद्घाटन डेपुटी गभर्नर तथा ग्रामीण स्वावलम्बन कोषका अध्यक्ष श्री वीरविक्रम रायमाझीले गर्नुभएको थियो । उक्त अवसरमा उहाँले सहकारी संस्थाहरुलाई कोषमा आबद्ध हुन आह्वान गर्नुभयो । यस कार्यमा तालिममा सहभागी कोषसंग आबद्ध सहकारी संस्थाहरुले प्रभावकारी भूमिका खेल्न सक्ने उहाँको धारणा थियो ।

कार्यक्रममा सभापतिको आसनबाट लघु वित्त विभागका कार्यकारी निर्देशक श्री सुशिलराम माथेमाले सहकारी संस्थाहरुले ग्रामीण क्षेत्रमा बैंकको रुपमा काम गर्दै आएको कुरा बताउनु भएको थियो । कोषले आफ्नो क्रियाकलाप सम्बन्धमा जानकारी दिन विभिन्न जिल्लाका सहकारी संस्थाहरुलाई यस्तो तालिम दिंदै जाने कुरा बताउनुभयो ।

नेपाल राष्ट्र बैंक, पोखराका मुख्य व्यवस्थापक श्री शिवनाथ पाण्डेले सहभागी सहकारी संस्थाहरुले ग्रामीण स्वावलम्बन कोषबारे प्रष्ट जानकारी राख्नुपर्ने विचार व्यक्त गर्नुभयो । एकापसमा सहयोग आदान प्रदान गर्दै ग्रामीण सहकारी संस्थाहरु अगाडि बढ्नु पर्ने कुरामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा लघु वित्त विभागका उप-निर्देशक श्री विनोदराज आचार्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने सहायक निर्देशक श्री बैकुण्ठप्रसाद सिग्देलले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

तालिममा विभिन्न विषयका ६ वटा कार्यपत्र प्रस्तुत गरिएका थिए । सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्कीका श्री राजेन्द्रप्रसाद कोइराला, लघु वित्त विभागका उप-निर्देशक श्री विनोदराज आचार्य, सहायक निर्देशकद्वय श्री देवेन्द्र गौतम र श्री बैकुण्ठप्रसाद सिग्देललगायतले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

तालिमको समापन समारोह नेपाल राष्ट्र बैंक, पोखराका मुख्य व्यवस्थापक श्री शिवनाथ पाण्डेको सभापतित्वमा सम्पन्न भएको थियो ।

# धनगढीमा शोधनान्तर तथ्याङ्क तालिम

बैंकर्स प्रशिक्षण केन्द्रले माघ ६ देखि ९ गतेसम्म नेपाल राष्ट्र बैंक, धनगढीको सभाकक्षमा शोधनान्तर तथ्याङ्क (BOP Statistics) विषयक तालिम सञ्चालन गऱ्यो । नेपाल राष्ट्र बैंक लगायत विभिन्न बैंकका सहायक स्तरका कर्मचारीहरुलाई शोधनान्तर तथ्याङ्कका विविध पक्षको जानकारी दिने उद्देश्यले तालिम आयोजना गरिएको थियो ।

तालिमको संयोजक रहनु भएका बैंकर्स प्रशिक्षण केन्द्रका कायममुकायम उप-निर्देशक श्री शम्भुनाथ ढुङ्गानाले शुभारम्भ गर्नुभएको सो तालिमको शुरुमा प्रशिक्षार्थीहरुको परिचायत्मक कार्यक्रम सञ्चालन गरिएको थियो । तालिममा प्रशिक्षकहरुले शोधनान्तर तथ्याङ्कको विविध विषयमा प्रशिक्षण दिनुभएको थियो ।

तालिमको अन्तिम दिन आयोजित समापन समारोहमा अनुसन्धान विभाग, शोधनान्तर महाशाखाका निर्देशक श्री शिवादेवी काफ्लेले सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुभयो । उक्त अवसरमा उहाँले तालिममा सिकेका ज्ञान र सिप कार्यक्षेत्रमा उपयोग गर्न सुझाव दिनुभयो ।

समारोहमा नेपाल राष्ट्र बैंक, धनगढीका व्यवस्थापक श्री बलराम पौडेलले मन्तव्य व्यक्त गर्नुभएको थियो भने तालिम संयोजक श्री ढुङ्गानाले तालिमको समग्र मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सहभागीहरुको तर्फबाट नेविल बैंक लिमिटेड, महेन्द्रनगरका श्री धर्मराज बञ्जाराले तालिम उपयोगी भएको बताउनुभएको थियो ।

तालिममा नेपाल राष्ट्र बैंक, नेविल बैंक लि. र राष्ट्रिय वाणिज्य बैंकका ३/३, नेपाल बैंक लिमिटेडका ५, एभरेष्ट बैंक लि., बैंक अफ काठमाण्डौ लि. र नेपाल बंगलादेश बैंकका २/२, नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि., मालिका विकास बैंक लि., बागेश्वरी विकास बैंक लि., कर्णाली विकास बैंक लि. र नेपाल इण्डष्ट्रियल एण्ड कमर्शियल बैंक लि.का १/१ गरी कुल २५ जनाको सहभागिता रहेको थियो ।

# नगदी कारोवार तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले माघ २० देखि २४ गतेसम्म काठमाडौंमा सञ्चालन गरेको नगदी कारोवार (Cash Operation) विषयक तालिम सम्पन्न भयो । नगदी कारोवारमा संलग्न कर्मचारीहरुलाई सुरक्षित नगदी कारोवार कसरी गर्ने भन्ने सम्बन्धमा जानकारी दिने उद्देश्यले आयोजित उक्त तालिममा बैंकिङ्ग कार्यालयका ७, मुद्रा व्यवस्थापन विभागका ६, जिल्लास्थित नेपाल राष्ट्र बैंकको कार्यालयका १/१ गरी २० जनाको सहभागिता रहेको थियो ।

तालिमको उद्घाटन बैंकर्स प्रशिक्षण केन्द्रका कायममुकायम निर्देशक श्री वासुदेव अधिकारीले गर्नुभएको थियो । सो अवसरमा उहाँले तालिमबाट प्राप्त सैद्धान्तिक तथा व्यवहारिक ज्ञान उपयोग गरी सहभागीहरुले आफ्नो दक्षता अभिवृद्धि गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

तालिममा सहभागीहरुलाई नगदी कारोबारको विविध विषयमा प्रशिक्षण दिइएको थियो । समापन समारोहमा कायममुकायम निर्देशक श्री अधिकारीले सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुभयो । कार्यक्रममा तालिम संयोजक श्री हेमराज त्रिपाठीले तालिमको समग्र मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने सहभागीको तर्फबाट बैंकिङ्ग कार्यालयका श्री महेन्द्रराज कार्कीले तालिम लाभदायी भएको विचार व्यक्त गर्नुभएको थियो ।

# पोखरामा मूल्य तथ्याङ्क गोष्ठी सम्पन्न

नेपाल राष्ट्र बैंक, पोखराले फागुन १७ गते कार्यालयको सभाकक्षमा मूल्य तथ्याङ्क गोष्ठी आयोजना गर्‍यो । गोष्ठीमा कास्की जिल्लाका विभिन्न उद्योगी, खुद्रा तथा थोक व्यापारी र शैक्षिक एवं अन्य संघ/संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।



प्रमुख अतिथि तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष श्री दीपक श्रेष्ठले गोष्ठी शुभारम्भ गर्नुभएको थियो । नेपाल राष्ट्र बैंक, पोखराका कायममुकायम मुख्य व्यवस्थापक श्री मानवहादुर नेपालीको सभापतित्वमा सम्पन्न उक्त गोष्ठीमा व्यवस्थापक श्री केशव थापाले स्वागत मन्तव्य व्यक्त गर्दै गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

गोष्ठीमा अनुसन्धान विभाग, मूल्य महाशाखाका उप–निर्देशक श्री गोपालप्रसाद भट्टले कार्यपत्र प्रस्तुत गर्नुभयो । प्रस्तुत कार्यपत्र उपरको छलफलमा खुद्रा व्यापारी श्री अमर तुलाचन, हिमालय पेट्रोल पम्पका श्री गगन गुरुङ, पृथ्वीनारायण क्याम्पसका उप-प्राध्यापक डा. पुष्पराज शर्मा, कालिका बहुमुखी क्याम्पसका श्री रेवतीरमण घिमिरे, जनप्रिय क्याम्पस, अर्थशास्त्र शिक्षण विभागका प्रमुख श्री भोजराज ओझा, कन्या क्याम्पस पोखराका श्री कृष्णमान बुद्धाचार्यले कार्यपत्र सामयिक, सूचनामूलक र महत्वपूर्ण रहेको बताउनु भयो ।

छलफलको क्रममा उठेका जिज्ञासाको जवाफ कार्यपत्र प्रस्तोता श्री भट्टले दिनुभएको थियो । यस क्रममा उहाँले चौथो पारिवारिक बजेट सर्वेक्षणमार्फत नेपाल राष्ट्र बैंकले धेरै वस्तु समावेश गरी मूल्य सूचकाङ्क तयार गर्ने कार्य प्रारम्भ गरिसकेकोले आगामी दिनमा सही र यथार्थपरक मूल्य सूचकाङ्क प्रकाशन हुने बताउनुभयो ।

गोष्ठीको समापनका अवसरमा कायममुकायम मुख्य व्यवस्थापक श्री नेपालीले सहभागीहरुबाट प्राप्त रचनात्मक सुझावले सम्बन्धित क्षेत्रको कार्य संचालनमा ठूलो सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो ।

गोष्ठीको संचालन नेपाल राष्ट्र बैंक, पोखराका सहायक व्यवस्थापक श्री बृहस्पति अधिकारीले गर्नुभएको थियो ।

# चितवनमा आर्थिक तथ्याङ्क गोष्ठी

नेपाल राष्ट्र बैंक, वीरगञ्जले चितवनको सौराहामा फागुन २५ गते आर्थिक तथ्याङ्क गोष्ठी सम्पन्न गर्‍यो ।

गोष्ठी नेपाल राष्ट्र बैंक, वीरगञ्जका कायममुकायम मुख्य व्यवस्थापक श्री रमेशकुमार पोखरेलको सभापतित्वमा सम्पन्न भएको थियो । उक्त अवसरमा उहाँले मूल्य सूचकाङ्कको प्रभावकारीता आर्थिक तथ्याङ्कको गुणस्तरमा निर्भर हुने भएकोले बैंकलाई यथार्थपरक तथ्याङ्क उपलव्ध गराउन आग्रह गर्नुभयो । साथै, उहाँले सम्बन्धित पक्षबाट मूल्य तथ्याङ्क उपलव्ध गराउने कार्यमा निरन्तर सहयोग पाइरहने विश्वास व्यक्त गर्नुभयो ।

गोष्ठीमा अनुसन्धान विभागका निर्देशक श्री नरबहादुर थापाले "आर्थिक विश्लेषण र नीति निर्माणमा आर्थिक तथ्याङ्कको महत्व" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंक, वीरगञ्जका व्यवस्थापक श्री सुनिल उदासले स्वागत मन्तव्य व्यक्त गर्दै गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । बैंकलाई प्राप्त हुने तथ्याङ्क बैंकको प्रयोजन बाहेक अन्य कसैलाई उपलव्ध नगराइने स्पष्ट पार्दै उहाँले निर्धक्क भएर यथार्थपरक तथ्याङ्क उपलव्ध गराउन सहभागीहरुलाई आग्रह गर्नुभयो ।

चितवन जिल्लाका प्रशासकीय अधिकृत श्री वामदेव शर्माले गोष्ठी अत्यन्त ज्ञानबर्धक र उपलब्धिमूलक रहेको चर्चा गर्दै छलफलको समय बढाउनु पर्ने सुझाव दिनुभएको थियो । साथै, उहाँले आर्थिक तथ्याङ्क राष्ट्रका लागि अत्यन्त महत्वपूर्ण रहेको चर्चा गर्दै सहभागी सबैलाई समयमै यथार्थपरक तथ्याङ्क उपलव्ध गराउन आग्रह गर्नुभएको थियो ।

# इलाममा मूल्य गोष्ठी

नेपाल राष्ट्र बैंक, विराटनगरले फागुन २९ गते इलाम बजारमा मूल्य गोष्ठी सम्पन्न गर्‍यो । कार्यालयका मुख्य व्यवस्थापक श्री जगदीश्वरप्रसाद अधिकारीको सभापतित्वमा सम्पन्न उक्त गोष्ठीमा उद्योग वाणिज्य संघ, इलामका अध्यक्ष श्री हिमालय कर्माचार्य प्रमुख अतिथि हुनुहुन्थ्यो । गोष्ठीमा इलाम जिल्लाका सरकारी कार्यालय, क्याम्पस, विद्यालय बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरु, व्यवसायी, बुद्धिजीवी, पत्रकार समेत गरी ६५ जनाको सहभागिता रहेको थियो ।

गोष्ठीमा मुख्य व्यवस्थापक श्री अधिकारीले अर्थतन्त्रमा आउने उतारचढावको मापनमा मूल्य सूचकाङ्कको भूमिका अपरिहार्य हुने तथा आवश्यक नीतिगत पृष्ठपोषणका लागि समेत सहयोगी हुने भएकोले सही मूल्य विवरण उपलब्ध भएमा सोबाट तयार गरिने मूल्य सूचकाङ्क तथ्यपरक हुने धारणा राख्नुभयो ।

नेपाल राष्ट्र बैंक, विराटनगरका व्यवस्थापक श्री तेजबहादुर रानाले स्वागत मन्तव्य व्यक्त गर्दै गोष्ठीको औचित्य तथा महत्वमाथि प्रकाश पार्नुभएको थियो ।

गोष्ठीमा कार्यालयका सहायक व्यवस्थापक श्री अग्निप्रसाद दाहालले कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त अवसरमा मूल्य संकलन विधिका अतिरिक्त नेपालमा मूल्यवृद्धिको प्रवृत्ति तथा कारणहरुको संक्षिप्त चर्चा गर्दै उहाँले मूल्य सूचकाङ्कको निर्माणबाट विभिन्न क्षेत्रमा संलग्न व्यक्तिहरुलाई फाइदा पुग्ने विचार व्यक्त गर्नुभयो । नयाँ ब्राण्डका वस्तुहरुले पुराना वस्तुहरुलाई प्रतिस्थापन गर्दा वा उपहार कार्यक्रममार्फत उत्पादकहरुले वस्तुको मूल्यमा परिवर्तन नगरी परिमाणमा घटबढ गर्ने गरेकोले सही मूल्य सूचकाङ्क निर्माणमा समस्या पर्ने गरेको उहाँले बताउनुभयो । त्यस्ता प्रकृतिका वस्तुहरुका बारेमा सही जानकारी मूल्य तथ्याङ्क दाताहरुबाट आउनु पर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यपत्रमाथि सर्वश्री शंकरमणि प्रधान, भीष्म बैद्य, शिवराज दाहाल, प्रकाश अग्रवाल, जीवन दाहाल, नवीन लामिछाने, निर्मल मैनाली, वेदप्रकाश रञ्जितकार, राधा गिरी, गोपाल श्रेष्ठ लगायतले टिप्पणी गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरुले राखेका जिज्ञासाको जवाफ मुख्य व्यवस्थापक श्री अधिकारीले दिनुभएको थियो ।

कार्यक्रममा आदर्श माध्यमिक विद्यालय, इलामका प्रधानाध्यापक श्री मानबहादुर खड्गी र महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलामको अर्थशास्त्रका उप-प्राध्यापक श्री दिलनाथ फुँयालले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

गोष्ठीको सञ्चालन नेपाल राष्ट्र बैंक, विराटनगरका प्रधान सहायक श्री शंकर वस्तीले गर्नुभएको थियो ।

# विराटनगरमा सुरक्षा सतर्कता सम्बन्धी छलफल

नेपाल राष्ट्र बैंक, विराटनगरले फागुन ६ गते विराटनगरमा स्थानीय बैंक तथा वित्तीय संस्थाका प्रमुखहरुको सहभागितामा सुरक्षित बैंकिङ्ग कारोबारका लागि अपनाउनु पर्ने सुरक्षा सतर्कता विषयमा छलफल कार्यक्रम आयोजना गऱ्यो । मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी र वरिष्ठ प्रहरी उपरिक्षकहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्थाहरुले कारोवार गर्ने नगद लगायत ग्राहक तथा कार्यालयको सुरक्षार्थ अपनाउनु पर्ने उपायहरुका विषयमा आपसी तालमेल तथा समन्वय गर्ने र आवश्यक परेको बखत प्रभावकारी ढंगले सुरक्षा संयन्त्रको परिचालन गर्ने उपायको सम्बन्धमा विचार विमर्श गरिएको थियो ।



उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री माधव रेग्मीले नगरक्षेत्रभित्र सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था लगायत व्यापारिक प्रतिष्ठानहरुको सघन उपस्थितिलाई विचार गर्दै उल्लेखित निकायहरुको सुरक्षार्थ विशेष सुरक्षा व्यवस्था मिलाइनुका साथै बैंक तथा वित्तीय संस्थाले अनुरोध गरेको बखत तुरुन्तै थप सुरक्षा प्रदान गर्न सकिने बताउनुभयो । साथै, उहाँले बैंक तथा वित्तीय संस्थाले फण्ड ट्रान्सफर गर्दा फण्डको सुरक्षार्थ आवश्यक परेमा थप सुरक्षाकर्मी परिचालन गर्न प्रशासन तयार रहेको बताउनुभयो ।

वरिष्ठ प्रहरी उपरिक्षक श्री योगेन्द्र कटुवालले कारोबारको क्रममा आउने ग्राहकहरुको खानतलासी गर्नुपर्ने, अवाञ्छित तथा शंकास्पद व्यक्तिको व्यवहार तथा आवागमनको अनुगमन गर्नुपर्ने, सुरक्षा सतर्कताका लागि साइरनको व्यवस्था गरिनुपर्ने, आफ्नो पायकको सुरक्षा इकाईसंग निरन्तर सम्पर्क बनाइराख्नुपर्ने, बैंकमा कार्यरत् सुरक्षाकर्मीबाट समेत लुटपाटको घटना भएको तथ्यलाई मध्यनजर गर्दै त्यस्ता सुरक्षाकर्मीको पुरा नाम ठेगाना तथा हुलिया समेतको विवरण सम्बन्धित बैंक लगायत प्रहरी तथा प्रशासनलाई उपलब्ध गराउने र ६/६ महिनामा नियमित सरुवा गर्ने नीति लागु गर्नुपर्ने जस्ता सुझाव राख्नुभयो ।

नेपाल राष्ट्र बैंक, विराटनगरका मुख्य व्यवस्थापक श्री जगदीश्वरप्रसाद अधिकारीले बैंक तथा वित्तीय संस्थाको कारोवारको आधार नगद हुने र यसमा बढी आपराधिक कार्य हुने भएकोले बढी चनाखो हुनुपर्ने तर्फ जोड दिँदै बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो कार्यालयको अवस्थिति (Location Map) तयार गरी जिल्ला प्रहरी कार्यालय लगायत नजिकको सुरक्षा इकाईलाई उपलब्ध गराउँदा सुरक्षा समस्या परेको बखत तत्कालै सहयोग उपलब्ध हुन सक्नेतर्फ ध्यानाकर्षण गराउनु भएको थियो । साथै, उहाँले विभिन्न बैंकहरुले राष्ट्र बैंकमा फण्ड ट्रान्सफर गर्दा आपसी समन्वय गरी २ वा २ भन्दा बढी बैंकहरुले एकै पटक फण्ड ट्रान्सफर गर्ने र यस्तो कार्यमा सुरक्षाकर्मीको सहयोग उपलब्ध गराउने वचनबद्धता प्रशासन प्रमुखबाट प्राप्त भएकोले सोही अनुसार कार्यान्वयन हुन सके जोखिम कम हुने बताउनुभयो ।

सहभागी बैंक तथा वित्तीय संस्थाका प्रमुखहरुले बैंकको सघनता भएको क्षेत्रहरुमा सुरक्षाकर्मीहरुको संख्या थप गर्नुपर्ने, पेट्रोलिङ बढाउनु पर्ने, फण्ड ट्रान्सफर कार्यमा संलग्न सवारी साधनलाई ट्राफिक वान वे नियममा खुकुलो पार्नुपर्ने, फण्ड ट्रान्सफरका लागि नेपाल राष्ट्र बैंकमा गइराख्नुपर्ने भएकोले देवकोटा चोकदेखि धरान रोड, रंगेली रोड, जहदा रोड र ठाकुरवाडी रोडमा विशेष सुरक्षादस्ता तैनाथ हुनुपर्ने विचार व्यक्त गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंक, विराटनगरका व्यवस्थापक श्री राजेन्द्र पण्डितले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रम आयोजना गर्नुको औचित्य एवम् महत्वको बारेमा प्रकाश पार्नुभएको थियो । नेपाल राष्ट्र बैंक विराटनगरको सभाकक्षमा आयोजित उक्त कार्यक्रममा कार्यालयका व्यवस्थापकहरु लगायत बैंक तथा वित्तीय संस्थाका स्थानीय प्रमुखहरुको उपस्थिति रहेको थियो ।

## कार्यकारी निर्देशक पदमा कायममुकायम मुकर्रर

वित्तीय संस्था सुपरिवेक्षण विभागका निर्देशक श्री लोकबहादुर खड्का बैंकर्स प्रशिक्षण केन्द्रको (काजः राष्ट्र ऋण व्यवस्थापन विभाग) कार्यकारी निर्देशक पदमा कायममुकायम मुकर्रर हुनुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

## अनिवार्य अवकाश

अनुसन्धान विभागका कार्यकारी निर्देशक श्री रामप्रसाद अधिकारीले ३० वर्षे सेवा अवधिका कारण अनिवार्य अवकाश पाउनु भएको छ । बैंकिङ्ग कार्यालयका सहायक निर्देशक श्री सिर्जना भट्टराई र नेपाल राष्ट्र बैंक, जनकपुरका सहायक व्यवस्थापक श्री युगलकिशोर पंजियारले पनि ३० वर्षे सेवा अवधिका कारण अनिवार्य अवकाश पाउनु भएको छ ।

यसैगरी नेपाल राष्ट्र बैंक, विराटनगरका वरिष्ठ पियन श्री रामवती डोमिनीले पनि ३० वर्षे सेवा अवधिका कारण अनिवार्य अवकाश पाउनु भएको छ ।

## सरुवा

निर्देशकद्वय अनुसन्धान विभागका श्री रामेश्वरी पन्त लघु वित्त विभागमा र बैंक सुपरिवेक्षण विभागका श्री राधेश्याम श्रेष्ठ (काज) वित्त व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

विदेशी विनिमय व्यवस्थापन विभागका सुपरभाईजर (कम्प्युटर) श्री पूर्णमान थापा बैंक तथा वित्तीय संस्था नियमन विभागमा (काजः सामान्य सेवा विभाग) सरुवा हुनुभएको छ ।

प्रधान सहायकहरु बैंकिङ्ग कार्यालयका श्री ईश्वरकुमार कटुवाल तथा श्री बद्रीप्रसाद खकुरेल वित्त व्यवस्थापन विभागमा (काज) र राष्ट्र ऋण व्यवस्थापन विभागका श्री मोहनप्रसाद सापकोटा बैंकिङ्ग कार्यालयमा (काज) सरुवा हुनुभएको छ ।

यसैगरी सामान्य सेवा विभागका वरिष्ठ सहायक (कम्प्युटर) श्री जनक के. सी. आन्तरिक लेखापरीक्षण विभागमा र वित्तीय क्षेत्र सुधार आयोजनाका वरिष्ठ पियन श्री वलराम थापामगर जनसम्पर्क महाशाखामा सरुवा हुनुभएको छ ।

## फोटो फिचर




**नयाँ वर्षलाई स्वागत : नेपाल राष्ट्र बैंक समाचार** नववर्ष २०६५ को उपलक्ष्यमा बैंक परिवारका सदस्यहरुलगायत पाठकवृन्दहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

# कर्मचारी विनियमावलीमा सातौं संसोधन

नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०६४।१२।४ गते बसेको बैंठकले नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६२ मा सातौं संसोधन गरेको छ । बैठकले मूल विनियमावलीको विनियम ९५ संसोधन गरेको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

तुरुन्त लागु भएको उक्त संसोधन अनुसार साविकको विनियम ९५ लाई उप-विनियम १ र २ मा विभाजन गरेको छ । साविकको विनियम ९५ मा रहेको 'वा विदेश जाँदा' भन्ने वाक्यांश हटाई उप-विनियम १ बनाइएको छ । प्रस्तावित उप-विनियम १ पछि उप-विनियम २ थप गरिएको छ ।




प्रस्तावित उप-विनियम २ अनुसार कुनै किसिमको बिदा लिई विदेश जाने कर्मचारीले जनशक्ति व्यवस्थापन विभागको प्रमुखसंग त्यस्तो बिदा र इलाका छाड्ने स्वीकृति लिनु पर्ने छ । यसरी विदेश जाने कर्मचारीले आफ्नो सम्पर्क ठेगानाको जानकारी उक्त विभागलाई दिनु पर्ने छ । त्यस्तो ठेगाना परिवर्तन भएमा विभागलाई सोको यथासीघ्र सूचना गर्नुपर्ने छ ।

तर बढीमा एक महिनाको भारत भ्रमणमा जाने कर्मचारीहरुको हकमा यस्तो बिदा तथा इलाका छाड्ने स्वीकृति सम्बन्धित विभाग तथा कार्यालय प्रमुखले प्रदान गर्न सक्ने छ ।

सोही बैंठकले बैंकका कर्मचारीहरुले अनिवार्य भ्रमण (स्वदेश) बिदा आगामी वैशाखसम्ममा लिन पाउने गरी समयसीमा बढाएको छ । २०६४ चैत २८ गते संविधानसभाको निर्वाचन सम्पन्न भएकोले विशेष परिस्थिति सिर्जना भई सबै कर्मचारीले चैतभित्रमा उक्त बिदा उपभोग गर्न नमिलेका कारण चैत मसान्तभित्र बिदा बस्न बाँकी कर्मचारीहरुलाई यो एक पटकका लागि मात्र यो व्यवस्था गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

## उद्धरण

कान्तिपुर zq\af/, @@ rt, @)^$ af6

### मूल्यवृद्धिमा हस्तक्षेप

राष्ट्र बैंकको तथ्यांकमा नआइसके पनि विश्वव्यापी रूपमा भएको उच्च मूल्यवृद्धिको प्रभाव स्थानीय बजारमा देखिएको छ । चामल, खानेतेल, दाल, गहुँको पिठोलगायत अत्यावश्यक दैनिक उपभोग्य वस्तुको मूल्य केही सातायता ३० प्रतिशतसम्म बढ्यो । केही महिनाअघिसम्म लिटरको सय रुपैयाँ पर्ने खानेतेल हाल करिब १ सय ५० पुगेको छ, मन्सुली चामलको मूल्य प्रतिकिलो ३३ बाट ३९ पुगेको छ । सीमित र न्यून आय हुने वर्गलाई यो मूल्यवृद्धिले जीवनयापन कठिन बनाउँदै लगेको छ । जनसंख्याको ठूलो हिस्सा यत्रो ठूलो मूल्यवृद्धि धान्न सक्ने अवस्थामा छैन ।

अन्तर्राष्ट्रिय बजारको प्रवृत्तिले आउने दिनमा मूल्य अझ बढ्ने देखिन्छ । एसियाली विकास बैंकले आउने दिनमा उच्च मूल्यवृद्धि एसियाको मुख्य समस्या हुने सार्वजनिक गरिसकेको छ । बैंकका अनुसार कृषि सामग्रीको मूल्य पनि अन्तर्राष्ट्रियस्तरमा बढेको छ । २००६ मा एक टन डीएपी मल २ सय ६० डलर पर्थ्यो भने हाल ७ सय ६८ डलर पुगेको छ । सबैभन्दा ठूलो व्यापारिक साझेदार भारतमा थोक मूल्य सूचकांक ७ प्रतिशतले बढेको छ । भारतीय समान आयातसँगै त्यहाँको मूल्यवृद्धिको असर नेपालमा भित्रिने गरेको छ । सरकार र राष्ट्र बैंकले तत्काल हस्तक्षेप नगर्ने हो भने मूल्यवृद्धि दुई अंकभन्दा माथि जाने संकेत देखिइसकेको छ । गरिब र खाद्यान्न अभाव भइरहने दुर्गम क्षेत्रमा मूल्यवृद्धि अझ जटिल समस्या हुन्छ । सरकारी निकाय र खाद्य संस्थानलाई सक्रिय बनाएर दुर्गममा सहज आपूर्ति व्यवस्था यसको समाधान हो ।

खाद्यान्नको मूल्यवृद्धि नेपालको मात्र समस्या होइन । पेट्रोलियम पदार्थको मूल्यवृद्धि, वातावरणीय प्रभाव, जैविक ऊर्जामा खाद्यान्नको प्रयोगलगायतका कारणले विश्वमा खाद्यान्नको माग बढ्दो छ । दक्षिण-पूर्वी एसियाली देश फिलिपिन्स, थाइल्यान्ड, भियतनामलगायत चीन र भारतमा पनि उच्च मूल्यवृद्धि सरकार र केन्द्रीय बैंकको प्रमुख चुनौती बनेको छ । यसलाई रोक्न यी देशहरूले कडा मौद्रिक नीति, निर्यातमा कडाई र आयातलाई खुकुलो बनाइरहेका छन् । भारतले मौद्रिक नीतिमा कडाई गरेको छ भने खाद्यान्नको आयातलाई करमुक्त बनाएको छ । कृषिमा अनुदान र आपूर्ति व्यवस्थामा सुधार ल्याउन यी देशले कार्य सुरु गरिसकेका छन् ।

सरकार र मौद्रिक नीति सञ्चालन गर्ने राष्ट्र बैंक बजारमा भएको मूल्यवृद्धिप्रति सचेत देखिँदैन । चालू आर्थिक वर्षको सात महिनाको तथ्याङ्कले घटाएको देखाए पनि यथार्थमा बजारमा उपभोग्य वस्तुको मूल्य बढेको छ । बजारमा तत्काल हस्तक्षेप नगर्ने हो भने मूल्यवृद्धि मौद्रिक नीति र बजेटको लक्ष्यभन्दा निकै बढी हुनेछ । उपभोक्ताले यसलाई धान्न सक्दैनन् । मूल्य सन्तुलन राष्ट्र बैंकको मुख्य जिम्मेवारीभित्र पर्छ । चालू मौद्रिक नीतिको उद्देश्यमा पनि यही राखिएको छ । तर सरकारको बजेट र राष्ट्र बैंकको मौद्रिक नीति मूल्यवृद्धि रोक्ने होइन अझ बढाउने खालका छन् । सरकारी संयन्त्र संविधानसभा निर्वाचनमा व्यस्त भएकाले राष्ट्र बैंकले विस्तारकारी मौद्रिक नीतिमाथि तत्काल पुनर्विचार गर्नुपर्छ । सरकारी खर्चमा कडाई गर्न लगाउने र अनुदार मौद्रिक नीति लिने जिम्मेवारी केन्द्रीय बैंकको हो ।

आमजनताले किन्नसक्ने गरी वस्तु तथा सेवा उपलब्ध गराउने जिम्मेवारी सरकारको हो । अहिलेको मूल्यवृद्धि रोक्न सरकारी हस्तक्षेप आवश्यक छ । भारतले कृषि उत्पादनको निकासीमा बन्देज र आयात खुला गरेकाले संकट थपिनेछ । यो अवस्थामा सरकारले तत्काल नीतिगत हस्तक्षेप गर्नु आवश्यक छ । भारतले लिएको नीतिले खुला सिमाबाट खाद्यान्न भारतलगायत अन्य देशमा जाने जोखिम बढाएको छ । मूल्य नियन्त्रण र सहज आपूर्तिका लागि निकासीलाई निरुत्साहित गर्नुपर्छ । खाद्यान्न आपूर्तिमा विद्यमान भन्सार र करहरू हटाउनुपर्छ । विगतमा हटाइएको कृषि अनुदानलाई पुनर्स्थापना गर्नुपर्छ । सिंचाइ, कृषि सडक, उन्नत बीउ र मलखाद सुलभ र सहज व्यवस्था सरकारले गर्नुपर्छ । यसले कृषि उत्पादनको लागत घटाउँछ र केही समयपछि मूल्यवृद्धिको समस्या टार्न सकिन्छ ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा**
फोन/फ्याक्स : +९७७-१-४४११९८, Ext.: ३६६, ३६९
ईमेल : prd@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**साधना उपाध्याय**

*सम्पादन सहयोगी*
**बिमला उपाध्याय, विन्दुप्रसाद अर्याल**
**रामकाजी खाइजू**